



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily




❑ वर्ष २७ ❑ अङ्क १०२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख १५ गते मंगलबार ❑ 28 Apr. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## राष्ट्रपतिद्वारा भानु साहित्य उद्यानको शिलान्यास

**पोखरापत्र संवाददाता**
दमौली, १४ बैशाख

राष्ट्रपति रामचन्द्र पौडेलले तनहुँको भानु नगरपालिका-४ चुँदीरम्घामा निर्माण गर्न लागिएको भानु साहित्य उद्यानको सोमबार शिलान्यास गर्नुभएको छ । आदिकवि भानुभक्त आचार्यको जन्मस्थान चुँदीरम्घामा उद्यान निर्माण गर्न लागिएको हो ।



गत पुसमा उक्त उद्यानको विस्तृत परियोजना प्रतिवेदन भानु नगरपालिकाले स्वीकृत गरेको थियो । यस ठाउँलाई सप्तधामका रूपमा विकास गर्ने उद्देश्य राखिएको छ । स्वीकृत गुरुयोजनाअनुसार साहित्य उद्यानको पूर्ण निर्माणका लागि करिब रु एक अर्ब बजेट खर्च हुने अनुमान गरिएको छ । चालु आर्थिक वर्षमा सङ्घीय सहरी विकास मन्त्रालयबाट रु २० करोड बजेट विनियोजन भइसकेको नगरप्रमुख आनन्दराज त्रिपाठीले जानकारी दिनुभयो ।

उक्त बजेटबाट शिखर कटेरीदेखि रम्घा डाँडासम्मको मोटरमार्ग स्तरोन्नति गरी कालोपत्रे सडक निर्माण गरिनेछ भने ५४ फिट उचाइको आदिकवि भानुभक्त आचार्यको विशाल प्रतिमा निर्माण गरिने उहाँले बताउनुभयो । हालसम्म गुरुयोजना कार्यान्वयनका लागि करिब ४०० रोपनी जग्गा प्राप्त भइसकेको छ। उहाँले भन्नुभयो, "गुरुयोजना कार्यान्वयनपछि उद्यानमा साहित्यिक संरचना, सांस्कृतिक प्रतीक, पर्यटकीय पूर्वाधार तथा अध्ययन, अनुसन्धानका सुविधाहरू विकास गरिने अपेक्षा गरिएको छ।" सिङ्गो नेपाललाई भाषाको माध्यमबाट जोड्ने आदिकवि भानुभक्त आचार्यको जन्मथलो ओझेलमा परेपछि यसलाई साहित्यिक पर्यटनको गन्तव्यस्थल बनाउने लक्ष्य राखिएको त्रिपाठीको भनाइ छ। उहाँले भन्नुभयो, "राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा भानुभक्तको आचार्यको विशिष्ट पहिचान छ, यो ठाउँलाई समय सन्दर्भ अनुसारको सबै किसिमको धाम बनाउने परिकल्पना साथ अगाडि बढेका छौँ ।" साहित्यिक उद्यानमा विभिन्न संरचना निर्माण गरिनेछ । त्रिपाठीका अनुसार यहाँ भानुभक्तको विशाल सालिक, रामायण मन्दिर, मूर्ति वाटिका, भानुभक्तकालीन नमूना बस्ती, भानु साहित्य ग्राम, भानु प्रज्ञा भवन, भानु वनस्पति उद्यान, सप्तधाम, मनोरञ्जन वनभोजस्थल, प्राकृतिक वन विचरण क्षेत्र, सम्पदा संरक्षण क्षेत्र र साहित्यिक पदमार्ग प्रस्तावित गरिएको छ । भानु साहित्यिक उद्यानका लागि हालसम्म रु एक करोड ८० लाख खर्च भएको छ। साहित्यिक उद्यान निर्माणका लागि पछिल्लो दुई आर्थिक वर्षमा गरी रु एक करोड ८० लाख ४१ हजार ५०० खर्च भएको जनाइएको छ।

## गण्डकी प्रदेश प्रमुख र राष्ट्रियसभा उपाध्यक्षबीच भेटवार्ता

**पोखरापत्र संवाददाता**
बैशाख, १४ बैशाख

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्ट र राष्ट्रिय सभाका उपाध्यक्ष लिलाकुमारी भण्डारीबीच भेटवार्ता भएको छ।



पोखरा स्थित प्रदेश प्रमुख निवासमा भएको भेटवार्ताका क्रममा प्रदेश प्रमुख भट्टले संघीय संसदको माथिल्लो सदन राष्ट्रिय सभामा निर्विरोध निर्वाचित हुनुभएकोमा उपाध्यक्ष भण्डारीलाई हार्दिक बधाईका साथ सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभएको थियो । प्रदेश प्रमुख भट्टले संघ र प्रदेशबीचको समन्वय तथा सहकार्यमा जोड दिनुहुँदै प्रदेशमा कानुन निर्माण प्रक्रिया तथा त्यसको कार्यान्वयन, नीति निर्माणसँग सम्बन्धित विषयहरू साझा गर्नुभएको थियो । संवैधानिक पदाधिकारीहरूबीचको औपचारिक छलफलका क्रममा उपाध्यक्ष भण्डारीले समसामयिक विषयमा चासो राख्नुभएको थियो । मुलुकमा प्राप्त उपलब्धिलाई संस्थागत गर्ने महत्वपूर्ण आधार प्रदेश भएको उल्लेख गर्दै उहाँले प्रदेशको सफलता नै संघीय लोकतान्त्रिक गणतन्त्रको सफलता भएको उल्लेख गर्नुभयो । व्यवस्था सुदृढ हुनका लागि प्रदेशहरू सुदृढ हुनुपर्ने भन्दै उहाँले संविधानको पूर्ण कार्यान्वयनका लागिसंघीय, प्रादेशिक र स्थानीय तहका कानुनको तर्जुमा र त्यसको कार्यान्वयनबाटै सम्भव रहने बताउनुभयो । प्रदेश प्रमुख प्रदेशको प्रमुखमात्र नभई केन्द्रको प्रतिनिधि पनि भएकाले संघ र प्रदेशबीचको समन्वयकर्ता भएको उल्लेख गर्नुभयो ।

## पोखरामा घर नक्सा सम्पन्न प्रमाण पत्र नलिएका संरचनाहरूका लागि अन्तिम अवसर

**पोखरापत्र संवाददाता**
बैशाख, १४ बैशाख

पोखरा महानगरपालिकाले नगर क्षेत्रभित्र नक्सा पास नगरी वा आंशिक रूपमा मात्र नक्सा पास गरी निर्माण गरिएका भवनहरूलाई नियमित तथा अभिलेखीकरण गर्ने अन्तिम अवसर दिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम १०२ बमोजिम भवन नियमित तथा अभिलेखीकरण कार्यविधि २०८० (दोस्रो संशोधन २०८२) कार्यान्वयनमा रहेको पोखराका मेयर धनराज आचार्यले बताउनुभयो । यसअन्तर्गत, नक्सा सम्पन्न प्रमाण पत्र नलिएका घर तथा संरचनाहरूलाई २०८३ साल असार मसान्तसम्म अनिवार्य रूपमा अभिलेखीकरण गर्न उहाँले आग्रह गर्नुभयो । तोकिएको समयभित्र आफ्नो भवन नियमित नगर्ने उपर सम्पत्ति कर, मालपोत तथा भूमिकर तिर्न, घरजग्गा नामसारी सिफारिस लिन, साथै विद्युत् र खानेपानी जस्ता सेवा लिन कानुनी समस्या आउन सक्ने महानगरले चेतावनी दिएको छ । महानगरले यस प्रक्रियालाई सहज बनाउन वैशाख १२ गतेदेखि २१ गतेसम्म सबै वडा कार्यालयहरूमा सप्ताहव्यापी अभिलेखीकरण तथा सचेतना अभियान सञ्चालन गरेको जनाएको छ। घरको प्लिन्थ क्षेत्रफल २ हजार वर्गफिटसम्म र ३ तलासम्म छ भने, आफ्नो वडा कार्यालयमै सम्पर्क गर्न सकिने भएको छ भने यदि त्यसभन्दा ठूलो संरचना छ भने, महानगरको घर नक्सा तथा अभिलेखीकरण शाखामा पुगेर प्रक्रिया पूरा गर्नुपर्नेछ।

यो अवसर अन्तिम भएको भन्दै महानगरले सबै नगरवासीलाई समयमै आफ्नो भवनको कानुनी प्रक्रिया पूरा गर्न सूचना जारी गरेको छ।

## पोखरा सभागृह पुनर्निर्माण गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, १४ बैशाख

पोखरा सभागृहलाई पुनर्निर्माण गर्दै सुविधासम्पन्न बनाइने भएको छ।




करिव ४२ वर्षअघि निर्माण भएको सभागृह हाल जीर्ण अवस्थामा पुगेकामा पोखरा महानगरपालिका र नगर विकास कोषको साझेदारीमा यसको यसको पुनर्निर्माण गर्ने सहमति भएको पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले जानकारी दिनुभयो।

पुनर्निर्माणका लागि 'डिजाइन' तयार भइसकेको उहाँले जानकारी दिनुभयो।

"कुल करिब रु २९ करोड लागतमा सञ्चालन हुने यस योजनाअन्तर्गत हालको सभागृहको उत्तरतर्फ दुईपाङ्ग्रे सवारीसाधनका लागि पार्किङ, दक्षिणतर्फ शौचालय, हालको बगैंचाको स्थानमा 'अन्डरग्राउन्ड पार्किङ' तथा प्रदर्शनीकक्ष निर्माण गरिनेछ," उहाँले भन्नुभयो, "दक्षिण-पूर्व भागमा सानो हल र किचेन निर्माण गरिनेछ भने न्युर ोडतर्फ भित्र र बाहिर दुवैतर्फबाट प्रयोग गर्न मिल्ने चमेनागृह निर्माण गरिनेछ ।" पुनर्निर्माणपश्चात् सभागृहमा कार्यक्रमका लागि 'ब्यानर' टाँस्न नपर्ने गरी 'डिजिटल लिड स्क्रिन' लगायतको व्यवस्था हुने उल्लेख गर्दै उहाँले यसलाई सुविधासम्पन्न बनाउने योजना रहेको बताउनुभयो।

पुनर्निर्माण सम्पन्न भएसँगै विभिन्न सङ्घसंस्था तथा सेवाग्राहीलाई उचित शुल्कमा सुविधासम्पन्न सभा हल उपलब्ध गराउने लक्ष्य राखेको महानगरपालिकाले सभागृहबाट प्राप्त आम्दानीमार्फत यसको सञ्चालन खर्च तथा लगानी व्यवस्थापन गर्ने योजना राखेको छ।


## नागरिकको जीवन सहज बनाउनु मेरो प्राथमिकता : सांसद पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, १४ बैशाख

कास्की क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्य उत्तम प्रसाद पौडेलले आफ्नो निर्वाचन क्षेत्रको भौतिक पूर्वाधार र पर्या-पर्यटनको विकासका लागि आफू पूर्ण प्रतिबद्ध रहेको बताउनुभएको छ।



सोमबार पोखरा महानगरपालिका वडा नं. २० का विभिन्न क्षेत्रमा पुगेर नागरिकहरूसँग अन्तरक्रिया गर्दै उहाँले सो कुरा बताउनुभएको हो । सांसद पौडेलले पोखरा-२० अन्तर्गतका आटिघर, मौजा, मोहरिया र लामडाँडा क्षेत्रका स्थानीय दाजुभाइ तथा दिदीबहिनीहरूसँग प्रत्यक्ष भेटघाट गरी उनीहरूका समस्या र अपेक्षाबारे छलफल गर्नुभएको थियो । निरीक्षणका क्रममा सांसद पौडेलले पोखरा-२० र मादी जोड्ने पुलको आवश्यकता तथा लामडाँडा-मौजा-मोहोरिया-हिमालय मावि-मन्छाप-हाइ अल्टिच्युड खेल मैदान (तोड्यो ढाप) हुँदै घगम थान मन्दिर जाने १९ किलोमिटर सडकको अवस्थाबारे स्थलगत जानकारी लिनुभएको छ । नागरिकको जीवन सहज बनाउन पूर्वाधार पहिलो सर्त भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, 'यी आयोजनाहरूको निर्माण मेरो प्राथमिकतामा रहनेछ । विकासका कामहरू कुनै पनि तहमा कतै पनि अड्कन नदिने गरी म खट्नेछु ।' सांसद पौडेलले उक्त क्षेत्र होमस्टे र पर्या-पर्यटनका लागि उत्कृष्ट गन्तव्य भएको बताउँदै यहाँको विकासका लागि नीतिगत तहमा देखिएका अवरोधहरू हटाउन आफू लाग्ने प्रतिवद्धता जनाउनुभयो । आफ्नो भूमिका नीति निर्माणमा मात्र सीमित नरहने स्पष्ट पार्दै उहाँले भन्नुभयो, 'विकासका कामहरूमा स्थानीय र प्रदेश सरकारसँग समन्वय गर्दै नागरिकको साथमा रहेर सहकार्य गर्न म प्रतिबद्ध छु । तपाईंहरूको आशा र विश्वासले मलाई थप जिम्मेवार बनाएको छ ।' आफ्नो शक्ति नै जनताको साथ र सहयोग भएको बताउँदै उहाँले साझा सुन्दर भविष्य निर्माणको यात्रामा आफू निरन्तर नागरिकहरूसँगै रहने सङ्कल्प समेत व्यक्त गर्नुभएको छ।



# स्थानीय तहका जनप्रतिनिधिसँग बिमा तथा पन्जिकरण सम्बन्धी अभिमुखिकरण

**पोखरापत्र संवाददाता**
बैशाख, १४ बैशाख

स्थानीय तहका जनप्रतिनिधि संग बिमा तथा पन्जिकरण सम्बन्धि अभिमुखिकरण कार्यक्रम सोमबार पोखरामा सम्पन्न भएको छाकार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्घाटन गर्नुभएको थियो ।



पौडेलले बिमा सचेतनामूलक उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको उल्लेख गर्दै आम कृषक समेतमा बिमा सम्बन्धि सचेतना बढाउन सबै बिमा सेवा प्रदायक संस्था हरू कटिबद्धताका साथ लाग्नु पर्ने बताउनुभयो । बिमा दाबी, भुक्तानीमा जटिलता देखिएको आम सर्बसाधारणहरूको गुनासो रहेको उल्लेख गर्दै प्रमुख पौडेलले सो प्रक्रिया सरलिकृत बनाउनेतर्फ ध्यान दिन सरकारी निकाय र बिमाको नियामक निकाय बिमा प्राधिकरणले विशेष ध्यान दिनुपर्ने र सेवा प्रबाह थप प्रभाबकारी र ब्यबस्थित बनाउनुपर्ने उल्लेख गर्नुभयो । कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै नेपाल बिमा प्राधिकरण गण्डकी प्रादेशिक कार्यालयका प्रमुख शम्भु प्रसाद मिश्रले नेपालमा कृषि बिमाको ब्यबस्था, सो सम्बन्धि विद्यमान ऐन कानुनहरू, अनुदान सम्बन्धि ब्यबस्था, बिमा शुल्क, दाबी तथा भुक्तानी सम्बन्धि ब्यबस्थाका बारेमा प्रकाश पार्नु भएको थियो ।

त्यसैगरि कास्कीका सहायक प्रमुख जिल्ला चित्राङ्गत बराललले नागरिकता, राहादानी लगायत पन्जिकरणका समस्या र समाधान बिषयमा सहजीकरण गर्नुभएको थियो। रूपा गाउँपालिका वडा न २ का वडाध्यक्ष राजन सुबेदी, माछापुच्छे गाउँ पालिकाका प्रमुख कार्यकारी अधिकृत केशब सुबेदी लगायतले प्रस्तुत कार्यपत्र उपर टिप्पणी गर्नुभएको थियो ।

कार्यक्रममा कास्की स्थित विभिन्न पालिकाका जनप्रतिनिधिहरू, बिमा सेवा प्रदायक कम्पनीका प्रमुख तथा प्रतिनिधि र सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

नेपाल बिमा प्राधिकरण गण्डकी प्रादेशिक कार्यालयका प्रमुख शम्भु प्रसाद मिश्रको अध्यक्षतामा आयोजित कार्यक्रमको संयोजन जिल्ला समन्वय समिति कास्कीले गरेको थियो। कार्यक्रमको संचालन जिल्ला समन्वय अधिकारी नवराज बराल र स्वागत नेपाल बिमा प्राधिकरण गण्डकी प्रादेशिक कार्यालयका सहायक निर्देशक कबिता पाण्डेले गर्नुभएको थियो ।

# पोउवा संघमा आयकर तथा भ्याटसम्बन्धी तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १४ बैशाख

पोखरा ४ का वडाध्यक्ष देवकृष्ण पराजुलीले राज्यको ढुकुटी बलियो बनाउने उद्योग/व्यवसायीको हितका निम्ति कुनै कसर बाँकी नराख्ने प्रतिवद्धता जनाएका छन् । उनले आफूले तिर्नुपर्ने कर समयमै भुक्तानी गर्दै राज्यलाईं सघाउनु नागरिकको कर्तव्य भएको स्मरण पनि गरेका छन् ।

वडाध्यक्ष पराजुली सोमबार पोखरा उद्योग वाणिज्य संघले आयोजना गरेको आयकर तथा मूल्यअभिवृद्धि करसम्बन्धी तालिमको समापनको अवसरमा प्रमुख अतिथिको रुपमा बोल्दै थिए। अध्यक्ष पराजुलीले पोखराको गैह्रापाटनमा रहेको पोखरा उद्योग वाणिज्य संघसँगको सहकार्यमा उद्योगी/व्यवसायी लक्षित विभिन्न कार्यक्रम संचालन गर्न वडा तयार रहेको पनि बताए । वडा नम्बर ४ ले अहिले सप्ताहव्यापी कर संकलन तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिरहेको बताउँदै उनले आफ्नो व्यवसायको अभिलेख राख्नका निम्ति आग्रह पनि गरे । पोखरा उद्योग वाणिज्य संघले जर्मन सहयोग संस्था जीआइजेडको ‘ दीगो विकासका लागि राजश्व सुधार परियोजना (आरएसआर एसडी)’ को सहयोगमा आयोजित तालिमकोअवसरमाबोल्दैकार्यक्रम तथा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले उद्योग/व्यवसाय फस्टाउँदामात्र राजश्व बृद्धि एवं रोजगारी सिर्जना हुने तथ्य पेश गर्दै यतिबेला व्यवसायीहरुको मनोवल उच्च बनाउनु आवश्यक रहेको बताए । नयाँ सरकारले सुशासनको लागि गरेका कामहरुप्रति निजी क्षेत्रको असहमति नरहेको तर उद्योगी/व्यवसायीहरुकोमानमर्दन हुने एवं उनीहरुले वर्षौं लगाएर निर्माण गरेको पहिचान नै बिग्रने गरी अगाडि बढाइने प्रक्रियाप्रति भने असहमति रहने उनको भनाइ थियो । संघकी महासचिव तथा तालिम संयोजक शोभा गौतमको संचालन रहेको तालिममा सहभागीहरुलाई सिए विवेक श्रेष्ठले करका विविध आयामबारे जानकारी गराएका थिए। आउँदो बुधबार पनि संघले उद्योगी/व्यवसायीका निम्ति यस्तैखाले तालिम आयोजना गर्ने महासचिव गौतमले जानकारी दिइन् ।

# सुब्बा नाथु प्रल्हाद प्रतिष्ठान रजत जयन्ती, राष्ट्रिय विभूति घोषणा गर्न माग

**पोखरापत्र संवाददाता**
बैशाख, १४ बैशाख

सुब्बा नाथु प्रल्हाद प्रतिष्ठानले विविध कार्यक्रमको आयोजना गरी रजत जयन्ती समारोह मनाएको छ ।



प्रतिष्ठान स्थापना भएको २५ औं वर्ष उपलक्ष्यमा सोमबार नाथु प्रल्हाद स्मृति भवन पोखरा-२५ हेमजा याम्दीको सभा हलमा विविध कार्यक्रमको आयोजना गरी रजत जयन्ती मनाएको हो । कार्यक्रममा प्रतिष्ठानले सुब्बा नाथु गुरुङ र सुब्बा प्रह्लाद गुरुङका विषयमा केन्द्रित रहेर प्रकाशन गरेको रजत स्मारिका २०८३ को विमोचन गरिएको थियो । कार्यक्रममा प्रतिष्ठानलाई सहयोग गर्ने विभिन्न व्यक्तिलाई सम्मान गरेको छ । यसरी सम्मानीत हुनेहरुमा गण्डकी प्रदेश भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्री गोविन्द बहादुर नेपाली, वरिष्ठ अधिवक्ता डा. खिमलाल देवकोटा, प्रतिष्ठानका सल्लाहकार प्रा.डा. जगमान गुरुङ, उपरथी भोलानाथ थापा रहेका छन् । उनीहरूलाई दोसल्ला र सम्मान पत्रले सम्मान गरिएको थियो । त्यसै गरी स्नातक तहमा उत्तीर्ण हुने विद्यार्थीहरू सिनम गुरुङ, निशा गुरुङ, सिजन गुरुङ, विसन गुरुङ, पुकार गुरुङ, प्रतिक्षा गुरुङ, साहिल गुरुङ, ई. विनोद गुरुङ र गौरव गुरुङलाई सम्मान गरिएको थियो । त्यस्तै प्रतिष्ठानमा स्थापना गरेको अक्षयकोषबाट आश बहादुर गुरुङ र प्रवित्रा गुरुङलाई छात्रवृत्ति प्रदान गरिनुको साथै पृथ्वीनारायण क्याम्पसमा इतिहास विषयमा उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थी नवराज भण्डारीलाई सम्मान गरिएको थियो । त्यस अवसरमा प्रतिष्ठानमा आजीवन सदस्य लिने सदस्यहरूलाई प्रमाण पत्र वितरण गरिएको थियो । कार्यक्रममा बोल्ने वक्ताहरूले सुब्बा नाथु गुरुङ र सुब्बा प्रल्हाद गुरुङलाई राष्ट्रिय विभूति घोषणा गर्न माग गरेका थिए । सुब्बा नाथु प्रल्हादले राष्ट्रियताको रक्षा सीमा सुरक्षाका निम्ति वीरताका साथ लडाई गरेर वीरगति प्राप्त गरेको बताउँदै वीरताको सम्मानका लागि राष्ट्रिय विभूति घोषणा गर्न माग गरेका हुन् । सुब्बा नाथु प्रल्हादको वीरतालाई राज्यले सम्मान गर्न नसक्नु दुःखद रहेको उनीहरूको भनाई थियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि गण्डकी प्रदेश भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्री गोविन्द बहादुर नेपालीले सुब्बा नाथु प्रल्हादको बलिदानी अतुलनीय रहेको बताउँदै उनीहरूलाई राज्यले कहिल्यै बिर्सन नुहुने बताए । वरिष्ठ अधिवक्ता डा.खिमलाल देवकोटाले सुब्बा नाथु गुरुङ र सुब्बा प्रल्हाद गुरुङ केबल इतिहासका पात्र मात्र नभई राष्ट्रका सच्चा रक्षक वीरता र बलिदानको प्रतीक भएकोले राज्यले उनीहरूलाई राष्ट्रिय विभूतिको घोषणा गर्न ढिलाइ गर्न नहुने उल्लेख गरे ।

प्रतिष्ठानका सल्लाहकार प्रा.डा.जगमान गुरुङले राष्ट्रियताको रक्षामा लडेर साहदात प्राप्त वीर पुरुषलाई राज्यले राष्ट्रिय विभूतिको रुपमा स्विकार गर्न नसक्नु दुःखद भएको बताए । कार्यक्रममा प्रतिष्ठानका सल्लाहकार प्रा.डा. दिल बहादुर क्षेत्री, सल्लाहकार सु. कर्णबहादुर गुरुङ, तमु धी नेपालका केन्द्रीय अध्यक्ष हुमबहादुर तमु, संस्थापक अध्यक्ष कर्म तमुले बोलेका थिए ।

# सबैलाई मिलाएर लैजान्छ : सभापति थापा

**रासस**
काठमाडौं, २ बैशाख

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टी संसदीय दलले राष्ट्रिय आवश्यकताअनुसार सबैलाई मिलाएर लैजाने बताउनुभएको छ ।

सिंहदरबारस्थित पार्टी संसदीय दलको कार्यालयमा आज सञ्चारकर्मीसँगको कुराकानीमा उहाँले पार्टी केन्द्रीय समितिमा रहेका र नरहेकाको पनि सहमतिमा भीष्मराज आङ्देम्बे पार्टी संसदीय दलको नेतामा निर्विरोध निर्वाचित हुनुभएको बताउनुभयो । संसदीय दलको नेताका लागि लोकतान्त्रिक पद्धतिअनुसार निर्वाचनमै जान सकिने भए पनि केन्द्रीय समितिमा रहेका र नरहेका सबैको सहमतिमा धेरैको चाहनाअनुसार सहमतिबाट नेतृत्व छनोट गरिएको सभापति थापाको भना थियो । “संसदीय दलको नेता चयनमा समय लागे पनि अन्तिममा सहजतापूर्वक सहमतिबाट नेतृत्व निर्विरोध निर्वाचित भएको छ, यसमा आदरणीय नेता अर्जुननरसिंह केसी र मोहन आचार्यको सहमति छ”, उहाँले भन्नुभयो ।

# हेभन्ली इभेन्टको ट्यालेन्ट शो सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १४ बैशाख

हेभन्ली इभेन्ट म्यानेजमेन्टको आयोजनामा सञ्चालित ‘लिटल मिस्टर एण्ड मिस पोखरा सिजन २’ अन्तर्गतको ट्यालेन्ट शो शनिबार पोखरामा उत्साहपूर्ण वातावरणमा सम्पन्न भएको छ ।




बालबालिकाभित्र लुकेका प्रतिभालाई उजागर गर्दै उनीहरूको आत्मविश्वास अभिवृद्धि गर्ने लक्ष्यसहित आयोजना गरिएको कार्यक्रममा २३ जना प्रतिस्पर्धीहरूले आफ्नो बेजोड कला प्रस्तुत गर्दै दर्शकलाई मन्त्रमुग्ध बनाए । कार्यक्रमको समुद्घाटन प्रमुख अतिथि किशोर बराललले गरेका थिए । उनले यस्ता सिर्जनात्मक मञ्चहरूले बालबालिकाको व्यक्तित्व विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

प्रतियोगितामा सहभागी प्रतिभाहरूको मूल्याङ्कनका लागि विभिन्न क्षेत्रका अनुभवी व्यक्तित्वहरू निर्णायक मण्डलमा रहनुभएको थियो। प्राध्यापक तथा युवा उत्प्रेरक रोशिना कुँवर, फेवा टेलिभिजनकी प्रशासनिक प्रमुख रोजी श्रेष्ठ, नृत्य निर्देशक राखी थापा, फेशन मोडल तथा कोरियोग्राफर कृतिका अर्याल र गायन प्रशिक्षक रन्जु क्षेत्रीले प्रतियोगीहरूको प्रस्तुति सूक्ष्म रूपमा मूल्याङ्कन गरे । कार्यक्रमबारे बोल्दै संस्थाका प्रबन्ध निर्देशक सफल सुवेदीले ट्यालेन्ट शो केवल प्रतिस्पर्धा नभई बालबालिकालाई आत्मविश्वासका साथ आफ्नो कुरा प्रस्तुत गर्न सिकाउने सशक्त मञ्च भएको बताउनुभयो। उहाँले प्रतियोगीहरूले देखाएको प्रतिभा र उत्साहले उनीहरूको उज्ज्वल भविष्यको संकेत गरेको पनि उल्लेख गर्नुभयो । यस सिजनको बहुप्रतीक्षित ग्राण्ड फाइनल आगामी बैशाख १९ गते सृजनाचोकस्थित ह्वाइट हाउस पार्टी प्यालेसमा आयोजना हुने आयोजकले जनाएको छ। पोखराका विभिन्न विद्यालयका बालबालिकाको सहभागितासँगै यो प्रतियोगिता अहिले स्थानीय स्तरमा निकै चर्चाको विषय बनेको छ ।

# कांग्रेस संसदीय दलको नेतामा आङ्देम्बे

**रासस**
काठमाडौं, १४ बैशाख

नेपाली कांग्रेस संसदीय दलको नेतामा भीष्मराज आङ्देम्बे निर्विरोध निर्वाचित हुनुभएको छ ।



सिंहदरबारस्थित नेपाली कांग्रेस संसदीय दलको कार्यालयमा बसेको बैठकले आङ्देम्बेलाई निर्विरोध निर्वाचित गरेको कांग्रेसका सहमहामन्त्री तथा निर्वाचन समिति संयोजक प्रकाश रसाइली स्नेहीले जानकारी दिनुभयो । यसअघि सोमबार पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकमा पार्टी सभापति गगनकुमार थापाको प्रस्तावमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सांसद आङ्देम्बेलाई संसदीय दलको नेता बनाउने सर्वसम्मत निर्णय गरेको थियो । संसदीय दलको नेतामा तीन जना नेताले दाबी गरेपछि उपसभापति विश्वप्रकाश शर्माको संयोजकत्वमा दुवै महामन्त्री रहेको सहमति गराउने समिति गठन भएको थियो । विसं २०६४ पछि कांग्रेसले पहिलोपटक संसदीय दलको नेता सर्वसम्मत रुपमा चयन गरेको हो । नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले पार्टीले प्रमुख प्रतिपक्षी दलको जिम्मेवारी सशक्त रूपमा बहन गर्ने बताउनुभएको छ ।

संसदीय दलको नेतामा निर्विरोध निर्वाचित भएपछि दलको कार्यालय सिंहदरबारमा सञ्चारकर्मीसँग उहाँले सत्तामा रहेकालाई सही काम गर्न सशक्त भूमिका निर्वाह गरिने बताउनुभयो । संसदीय दलको नेताका हैसियतमा आफूले त्यो भूमिकालाई थप प्रभावकारी बनाउन लाग्ने नेता आङ्देम्बेको भनाइ थियो ।

# पूर्वविशिष्टले विदेशमा उपचार गर्दा सरकारबाट खर्च नपाउने सर्वोच्च अदालतको फैसला

**रासस**
काठमाडौं, १४ बैशाख

सर्वोच्च अदालतले पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वसभामुख र पूर्वप्रधानन्यायाधीशसहित पूर्वविशिष्ट पदाधिकारीले विदेशमा उपचार गर्दा सरकारबाट खर्च नपाउने फैसला गरेको छ ।

कायममुकायम प्रधानन्यायधीश सपना प्रधान मल्ल, न्यायधीशहरू कुमार रेग्मी, डा मनोजकुमार शर्मा, शारङ्गा सुवेदी र अब्दुल अजीज मुसलमानको संवैधानिक इजालसले आज यसअघि सुविधा पाउने गरी गरी भएको व्यवस्था खारेज हुने फैसला गरेको हो । सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार पूर्वपदाधिकारीहरूलाई विदेशमा उपचार गराउदा लागेको खर्च सरकारले व्यहोर्ने नागरिक राहत क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (दोस्रो संशोधन) कार्यविधि २०७३ को दफा १२ (१) को व्यवस्था खारेज गरिएको हो । उक्त कार्यविधिमा पूर्वराष्ट्रपति, पूर्वउपराष्ट्रपति, पूर्वप्रधानमन्त्री, पूर्वसभामुख र पूर्वप्रधानन्यायाधीश, पूर्वउपसभामुख, पूर्वउपप्रधानमन्त्री, पूर्वमन्त्री, पूर्वराज्यमन्त्री, पूर्वसहायकमन्त्री, पूर्वसांसद, पूर्वसंवैधानिक निकायका पदाधिकारीको निश्चित सीमा तोकी विदेशमा गराएको उपचार खर्च सरकारले व्यहोर्ने व्यवस्था रहेको थियो । पूर्वविशिष्ट पदाधिकारीको उपचार खर्च कटौती गर्न माग गर्दै विसं २०७९ मा अधिवक्ता राधिका चम्लागाईं र भद्रप्रसाद नेपाल (स्वागत) रिट निवेदन दायर गर्नुभएको थियो । स्वदेशमा उपचार गर्दा भने सरकारले खर्च दिने व्यवस्था यथावत छ ।

“आयुर्वेदोऽमृतानाम:”
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# स्मृतिमा कमला तिमिल्सिना

पुष्पराज तिमिल्सिना

वि सं. २००९ साल पुस १५ गते कमला तिमिल्सिना गुल्मी जिल्ला चन्द्रकोट गाउपालिका शान्तिपुरमा जन्मनु भएको थियो भने उहाँको शिक्षा दिक्षा भरतपुर सहिदचोकमा भएको थियो। त्यो समयमा पनि प्रमाणपत्र तहसम्मको अध्ययन गर्नु भएकी कमला तिमिल्सिना ले बि. सं. २०२९ जेष्ठ २८ गते पोखरा १६ बडहरबोट निबासी बिनोद प्रसाद तिमिल्सिनासंग वैवाहिक जीवनमा बाधिनु भएको थियो।



२७ वर्ष निजामती सरकारी सेवाबाट अवकास भै ७ वर्ष अमेरिकामा बसोबास गरि नेपाल फर्कनु भएकी कमला तिमिल्सिनाको एक छोरा सन्तोष तिमिल्सिना र एक छोरी सृजना शर्मा (सिग्देल) छन्।

परिवारमा कान्छी बुहारीको रुपमा भित्रिनु भएकी कमला तिमिल्सिनाले सासु ससुरा को लालन पालन गने जिम्मेवारी प्राप्त गर्नु भएको थियो। सासुआमा अशक्त भएर दिशा पिसाब तर्काउन नसक्दा पनि बुहारी तिमिल्सिना ले सासु आमालाई सफा गरि दैनिक नुहाइ धुवाइ गरिदिनु हुन्थ्यो। यसरी हेर्दा स्वर्गीय कमला भाउजु समाजमा नमुनाको रुपमा चिनिनु भएको थियो। स्वर्गीय कमला भाउजु २०५७/५८ साल मा स्वर्गीय पं नारायण प्रसाद पोखेल विश्व हिन्दु महासंघ नेपालको केन्दिय अध्यक्ष हुदाँ उहाँ केन्द्रिय सदस्य हुनुहुन्थ्यो। सोही क्रममा स्व मुक्तिनाथ तिमिल्सिना द्वारा स्थापित श्री विन्ध्यबासिनी माबीलाई उच्च माबी बनाउन महायज्ञको आयोजना गर्न लगाइ स्वर्गीय पं नारायण प्रसाद पोखेललाई प्रमुख बाचकी बनाइ महायज्ञ सफल पार्नु भएको थियो। स्व कमला तिमिल्सिना अमेरिकाबाट फर्केपछि निरन्तर रुपमा समाजसेवामा लाग्नु भएको थियो। स्व कमला तिमिल्सिना पोखरा १६ बडरबोट आमा समुहको दुई कार्यकाल अध्यक्ष भै कुसलता पूर्वक आफ्नो भुमिका निभाउनु भएको र उक्त समयमा जिर्ण रहेको सन्तानेश्वर शिव मन्दिर भत्काएर सुबिधा सम्पन्न शिव मन्दिर निर्माण गर्नुभएको थियो। उहाँको पालामा आफ्नो आमा समूहलाई खैजरी मुजुरा सिकाइ विभिन्न ठाउँमा आयोजना हुने भजन प्रतियोगितामा भाग लिइ प्रथम द्धितीय स्थान प्राप्त गर्न सफल हुनुभएको थियो। साथै उहाँ एतिहासिक बाटुलेचौर तिज मेला मुल आयोजक समिति को संयोजक भै सफलता पूर्वक तिज मेला सम्म्पन्न गर्नुभएको थियो। स्व. कमला भाउजू, पोखरा-१६ मा निर्माणधिन श्रबण कुमार जेष्ठ नागरिक सेवा केन्द्रको निर्माण समिति, मातृशिशु अस्पताल निर्माण समिति तथा ब्यवस्थापन समिति, नागरिक बचत तथा ऋण सहकारी संचालन समिति सदस्य, नेपाल रेडक्रस सोसाइटी पोखरा-१६ को सदस्य परोपकार महासंघ पोखरा-१६ को कार्यसमिति सदस्य, मातृशिशु अस्पताल नागरिक सहयोग समिति पोखरा -१६ को सदस्य, हिमालय क्लब पोखरा -१६ को आजिबन सदस्य सामुदाहिक प्रहरी सेवा बगर को कार्य समितिमा बसेर कुशलता पूर्वक आफ्नो भूमिका निभाउनु भएकी स्व. कमला तिमिल्सिना दया, माया र ममताकी खानी हुनुहुन्थ्यो।

सामान्यतय आफ्ना छोराछोरीलाई त सबैले माया गर्छन तर स्व. कमला भाउजुले आफ्ना इस्टमित्र नाता गोता भाइ बन्धु पर पाहुना सबै जनालाई आफ्नै छोरा छोरीलाई जस्तै माया ममता, आदर, सत्कार गर्नुहुन्थ्यो। स्व. कमला भाउजु सबैको मन मुटुमा बस्न सफल हुनु भएको थियो। स्व. कमला तिमिल्सिना बहुप्रतिभा कि पनि धनी हुनुहुन्थ्यो। उहाँलाई धर्मग्रन्थ नीतिशात्रका स्लोक पनि कन्ठस्थ थिए भने भजन तथा लोकगितका टुक्काहरु निकल्न सक्नुहुन्थ्यो। नाचगान गर्न र नीति स्लोक पढ्न मन पराउनु हुन्थ्यो।

यसरी हेर्दा स्व. कमला तिमिल्सिना भाउजु बहुआयमिक प्रतिभाकी धनी, माया ममता र करुणा कि खानी मृदुभाषी भाउजूको यहि मिति २०८३ साल बैसाख ३ गते आकष्मिक रुपमा स्वर्गारोहण भएको र १५ गते १३ औ पुण्य तिथिमा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँको असल गुणको अनुसरण गर्ने शक्ति भगवानले समाजका अगुवाहरुलाई मिलोस भनी स्वर्गीय कमला भाउजुको बैकुण्ठ बासको कामना गर्दछु।

# अन्नपूर्ण टोल विकास संस्थामा दोहोरिए पूर्णबहादुर गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, १४ बैशाख



पोखरा १३ मा रहेको अन्नपूर्ण टोल विकास संस्थामा सुविदार पूर्णबहादुर गुरुङ दोहोरिएका छन्।

संस्थाको सोमावार भएको चौथो साधारण सभा तथा तेस्रो अधिवेशनले गुरुङलाई दोस्रो पटक सर्बसम्मत चयन गरेको संस्थाका कार्यसमिति सदश्य कृष्ण सुवेदीले बताए।

त्यसैगरी उपाध्यक्षमा बाबुराम सापकोटा, सचिवमा सन्तोष गुरुङ र सह-सचिवमा रिना गुरुङ चयन भएका छन्। कोषाध्यक्षमा योग बहादुर गुरुङ चयन भएको सदश्य सुवेदीले जनाए।

यसैगरी सदस्यहरूमा ववर जङ गुरुङ, कल्पना गुरुङ, उषा गुरुङ, सत्यदेवी खड्का गंगा बहादुर तामाङ, कष्ण सुवेदी, नानि बाबु श्रेष्ठ, सु.सुमन नारायण सिंह मश्के, डम्वर बहादुर तामाङ, उमा गुरुङ, राजेन्द्र गुरुङ, दान बहादुर गुरुङ र हितमान गुरुङ चयन भएका हुन्।

कार्यक्रममा बोल्दै नवनिवार्चित अध्यक्ष गुरुङले आगामी दिनमा संस्थाको लागि अझ सक्रिय र प्रभावकारी कार्यक्रम सञ्चालन गरिने बताए।

यस अघि कार्यक्रमको उद्घाटन गदै पोखरा १३ का वडा सदश्य बलबहादुर बरालले अन्नपूर्ण टोल विकास संस्थाले गरेका कामको प्रशंसा गरे उनले टोल विकास संस्थाले स्थानीय स्तरमा सरसफाइ, पूर्वाधार विकास, सामाजिक एकता र जनसहभागिता बढाउन महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरे। २०६२ सालमा स्थापना भएको संस्थाले टोलमा सामाजिक उत्तरदायित्तव अन्तरर्गत रहेर काम गरिरहेको छ।

# फोहरमैला बिसर्जन गर्ने ठाउँ अभाव भएपछि व्यास नगरपालिकाको फोहर उठेन

पोखरापत्र संवाददाता
दमौली, १४ बैशाख

तनहुँको सदरमुकामस्थित व्यास नगरपालिकाले विगत केही दिनदेखि बजार क्षेत्रबाट फोहरमैला सङ्कलन गर्न स्थगित गरेको छ। फोहरमैला विसर्जन गर्ने ठाउँ अभावका कारण नगरपालिकाले बजार क्षेत्रबाट फोहर उठाउन नसकेको हो।

हाल व्यवस्थापन गरिएको जग्गामा खाडल पूरा भई वैकल्पिक स्थानको खोजी भइरहेकाले वैकल्पिक स्थानको व्यवस्थापन नहुँदासम्म फोहरमैला सङ्कलन गर्न नसकिएको प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले जानकारी दिनुभयो।

फोहरमैलाको दिगो व्यवस्थापनका लागि प्रस्तावित जग्गा खरिदको अनुमति नेपाल सरकारसँग माग भएकामा हालसम्म पनि अनुमति प्राप्त हुन नसकेको उहाँले उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, “हाल स्रोतमा वर्गीकरण गरी आएका नकुहिने फोहरलाई कार्यालय परिसरभित्र सूक्ष्म वर्गीकरण गरी बिक्रीयोग्य सामानहरू बिक्री गरी बिक्री अयोग्य वस्तुहरूको अन्तिम विसर्जनका लागि वडा नम्बर १ गल्वुबैंसी अकला कमलडिहीमा व्यक्तिको जग्गामा अस्थायी व्यवस्थापन गरिँदै आएको छ।”

उक्त अस्थायी ठाउँ पनि फोहरले भरिएपछि अर्को ठाउँ खोजी भइरहेको लम्सालले बताउनुभयो। नगरपालिकाले वैकल्पिक स्थानको व्यवस्थापन नहुँदासम्म आफूले उत्पादन गरेका फोहरमैला घर, कम्पाउन्डभित्र सुरक्षित तवरले राख्न नगरवासीलाई आग्रह गरेको छ।

नगरपालिकाले तीन वटा टिपर, चार वटा ट्र्याक्टर, एक जेसिभी, एक सक्सन ट्याङ्क, एक अटो र एक रिक्सा गरी ११ वटा सवारीसाधन दैनिक रूपमा सरसफाइका लागि प्रयोग गर्दै आएको छ। नगरपालिकाको स्थापनाको ३२ वर्ष भएपनि यहाँ फोहरमैला व्यवस्थापन केन्द्र नहुँदा बेलाबेलामा समस्या हुने गरेको छ। नगरपालिकामा स्थापनाकालदेखिको मुख्य समस्याका रूपमा रहेको फोहरमैला व्यवस्थापन सधैँको समस्या बन्ने गरेको छ।

# सहिदमार्ग स्तरोन्नति नहुँदा ताराखोलावासीलाई सास्ती

पोखरापत्र संवाददाता
बागलुङ, १४ बैशाख

यहाँको ताराखोला जोड्न सहिदमार्गको ट्र्याक खुलेको २० वर्ष भन्दा बढी भयो। ट्र्याक खुलेको यतिका वर्षसम्म पनि स्तरोन्नति हुन नसक्दा यसक्षेत्रका सर्वसाधारणले सास्ती भोग्दै आएका छन्। सशस्त्र द्वन्द्वका बेला जनश्रमदान गरी खुलेको सडक हालसम्म स्तरोन्नति हुन सकेको छैन।

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गअन्तर्गत बागलुङको काठेखोला गाउँपालिका-५ बिहुँ रिजालचोकदेखि ताराखोला गाउँपालिकाको केन्द्र भातखानेडाँडासम्म जोडिएको यो सडकको साँघुरो र अप्ठ्यारो छ। दैनिक स्थानीयवासी जोखिम मोलेरै यात्रा गर्न बाध्य छन्। यो सडक विसं २०५७ देखि २०६० सम्म जनश्रमदानबाट निर्माण गरिएको थियो।

गाउँमा कोही बिरामी परे तत्काल अस्पताल ल्याउँदा बढी समस्या हुने गरेको ताराखोला गाउँपालिका-२ का तमबहादुर रोकामगरले बताउनुभयो। वर्षौं अगाडि दुःख गरेर कोदोला, गैंती र बेल्चाले खनेको सडक अहिले ठूलाठूला मेसिन चल्दा पनि स्तरोन्नति हुन नसक्नु दुःखद् भएको उहाँको गुनासो छ। रोकामगरले भन्नुभयो, “सडकको दुरावस्थाका कारण गाउँका मान्छेहरूले धेरै दुःख पाएका छन्, नेताहरू राज्य सरकारमा धेरै पटक पुगे, लौ नै यति सडक त राम्रो गराउनुपर्‍यो भनेर धेरैपटक माग गर्‍यौं तर अहिलेसम्म जस्ताको त्यस्तै छ, कहिले बन्ला र सहज रूपमा बजार झर्न पाइएला?” रिजालचोकदेखि करिब ४० किलोमिटर रहेको सडक व्यवस्थित नबन्दा महँगो भाडा तिर्नुपर्ने बाध्यता रहेको स्थानीय टीकाबहादुर विकले गुनासो पोख्नुभयो। दूरीका हिसाबले जिल्ला सदरमुकाम बागलुङ बजार नजिकै भए पनि अप्ठ्यारो सडकका कारण एक हजारभन्दा बढी भाडा तिर्नुपर्ने अवस्था रहेको उहाँको भनाइ छ। सहिदका नाममा बनेको सडक यतिका वर्षसम्म व्यवस्थित नबन्दा उनीहरूप्रतिको अपमान भएको विकले बताउनुभयो।

“गाउँबाट बागलुङ बजार पुग्न तीन घण्टा बढी लाग्छ, सडक राम्रो भए त एकै घण्टामा पुग्न सकिने दूरी हो, यहाँको समस्या धेरैपटक सुनायौं तर कतैबाट पनि सुनुवाइ हुन सकेन”, विकले भन्नुभयो, “यति सडक व्यवस्थित भए त हाम्रो जीवनस्तर पनि बदलिने थियो, गाउँमा उत्पादन भएका वस्तु सहज रूपमा बजार पुर्‍याउन सकिने थियो, बजारबाट पनि सस्तो भाडामा सामान ल्याउन सकिने थियो।” सहिदमार्गको काठेखोला गाउँपालिका-४ देखि ताराखोला गाउँपालिका-१, २ र ४ सम्मको खण्ड बढी अप्ठ्यारो छ। यो क्षेत्रमा खाल्डाखुल्डी धेरै छन् भने सडक निकै साँघुरो छ। आर्थिक वर्ष २०८०/८१ मा दुई करोड रुपैयाँ र गत वर्ष एक करोड ५१ लाख रुपैयाँ खर्चेर केही खण्डमा काम भए पनि अरु काम हुनसकेको छैन।

ताराखोला गाउँपालिकाका उपाध्यक्ष भीमबहादुर रोकाले यो सडक स्तरोन्नतिका लागि ठूलो बजेट लाग्ने तर गाउँपालिकामा सीमित बजेट हुने हुँदा काम गर्न नसकेको बताउनुभयो। सडक स्तरोन्नतिका लागि प्रदेश र सङ्घीय सरकारसँग पटकपटक बजेट माग गरे पनि अहिलेसम्म प्राप्त गर्न नसकेको उहाँको भनाइ छ।

# तारकाङ-पोखरा सम्पर्क समाजको शुभकामना आदानप्रदान एवं भित्तेपात्रो विमोचन

पोखरापत्र संवाददाता
पोखरा, १४ बैशाख

नयाँ वर्ष-२०८३ को अवसरमा तारकाङ-पोखरा सम्पर्क समाजको शुभकामना आदानप्रदान एवं भित्तेपात्रो विमोचन गरिएको छ।

शनिबार पोखरामा आयोजित कार्यक्रममा प्रमुख अतिथि मादी गाउँपालिका वडा ४ का वडाध्यक्ष शिवप्रसाद सापकोटा, समाजका अध्यक्ष मनोहरि सापकोटा, सल्लाहकारहरु एवं आजीवन सदस्यहरुले सामूहिकरुपमा भित्तेपात्रोको विमोचन गरेका हुन्।

कार्यक्रममा वडाध्यक्ष सापकोटाले समाजका यस्ता कार्यक्रमले वडा र समाजको सम्बन्धलाई अझै नजिक बनाएर लैजाने बताए। समाजले गर्न लागेका कुनै पनि रचनात्मक कार्यक्रममा वडाको सधैँ साझेदारी रहने उनले प्रतिबद्धता जनाए। समाजका संस्थापक अध्यक्ष चन्द्रप्रसाद सापकोटाले आफ्नो नेतृत्वमा गठित समाजले यस्ता कार्य गरेकामा गौरव महसुस भएको उल्लेख गर्दै आगामी दिनमा पनि सहयोग र सदभाव सधैँ रहने बताए। कार्यक्रममा समाजका पूर्व सल्लाहकार जय सापकोटा, निवर्तमान उपाध्यक्ष शरद सापकोटा, पूर्व अध्यक्ष एवं सल्लाहकार नारायण सापकोटा, सल्लाहकार सत्यराज सापकोटा, पूर्व सल्लाहकार खेमराज सापकोटा, कानूनी सल्लाहकार अधिवक्ता लेखनाथ सापकोटालगायतले समाजको सफलताको कामना गर्दै आफ्ना भनाइ राखेका थिए।

समाजका अध्यक्ष मनोहरि सापकोटाले आफ्नो काँधमा ठूलो जिम्मेवारी आएको र यस जिम्मेवारीलाई रचनात्मक एवं उदारणीय कार्य गर्दै सबैलाई समेटर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरे। उनको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष बिन्दु आचार्य सापकोटाले स्वागत र सचिव नेत्र तिमिल्सेनाले सञ्चालन गरे।

२०६० मंसिर २४ गते वेगनासतालमा आयोजित भेलाले अग्रज व्यक्तित्व समाजसेवी मित्रलाल सापकोटाको उपस्थितिमा चन्द्रप्रसाद सापकोटाको अध्यक्षतामा तदर्थ समिति गठन गरिएको थियो। समाजले रक्तदान कार्यक्रम, क्यालेण्डर प्रकाशन, हरितालिका तीज, दशैं, तिहार लगायत चाडपर्वमा शुभकामना आदानप्रदान एवं तारकाङवासीको सुखदुःखमा साथ दिँदै आएको समाजका प्रवक्ता विष्णुप्रसाद सापकोटाले जानकारी दिए।

# मुस्ताङमा यार्सा संकलन सुरु

पोखरापत्र संवाददाता
मुस्ताङ, १४ बैशाख

मुस्ताङका विभिन्न स्थानमा यार्सागुम्बा सङ्कलन सुरु भएको छ। यहाँको तल्लो क्षेत्र थासाङ गाउँपालिकाअन्तर्गत कुञ्जो, कोवाङ र टुकुचे संरक्षण क्षेत्र व्यवस्थापन समितिअन्तर्गतका उच्च लेकमा यार्सागुम्बा सङ्कलन सुरु भएको हो।

यार्सागुम्बा समून्द्री सहतको तीन हजारदेखि छ हजार मिटरको उचाइमा पाइने जडीबुटी हो। यहाँका वारागुङ मुक्तिक्षेत्र, घरपझोङ र थासाङ गाउँपालिकाका आधा दर्जनभन्दा बढी स्थानमा हरेक वर्ष वैशाखदेखि असार मसान्तसम्म यार्सा सङ्कलन हुन्छ। यार्सा सङ्कलनका लागि जिल्लाका स्थानीय, जिल्लामा अस्थायी बसोबार गरेका व्यक्ति र जिल्ला बाहिरबाट उल्लेख्य व्यक्तिहरु लेक पुग्छन्।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) अन्तर्गतका संरक्षण क्षेत्र व्यवस्थापन समिति (सीएमसी)हरुले शुल्क लिएर यार्सागुम्बा सङ्कलनका लागि अनुमति दिने गरेको एक्याप जोमसोमका प्राकृतिक स्रोत सरक्षण सहायक दीपक ओलीले जानकारी दिनुभयो। कार्यालयहरुले यार्सा सङ्कलनको अवधिभर कार्यविधि र मापदण्ड निर्धारण गर्छ। सङ्कलनका क्रममा हुनसक्ने जोखिम, चोरी शिकारी, वन डढेलो, अवान्छित र अपराधजन्य घटना रोकथाम गने सर्त उल्लेख गरी अनुमति दिने चलन छ।

थासाङ गाउँपालिकाको कोवाङ सीएमसीले सर्वसाधारण नागरिकलाई यार्सा सङ्कलन पूर्जी वितरण गरेको समितिका अध्यक्ष जीवन थकालीले जानकारी दिनुभयो। उहाँका अनुसार स्थानीयलाई रु तीन हजार ५०० र जिल्ला बाहिरबाट आउनेलाई रु सात हजार शुल्क उठाउने गरिएको छ। कोवाङ समितिले मुलिखर्क, मुली, पड्के, ठूलो सरे र सानुसरेलगायतका लेकमा यार्सा सङ्कलन फुकुवा गरेको छ। समितिको लेकका लागि हालसम्म नौ स्थानीयसहित ८७ जनाले अनुमति लिएका छन्।

थासाङको बतासेमा पनि सङ्कलन फुकुवा भइसकेको छ। उक्त लेकका लागि ४५ जनाले अनुमति लिएका छन्। टुकुचे समितिले स्थानीयलाई रु एक हजार रुपैयाँ र जिल्ला बाहिरका व्यक्तिलाई रु तीन हजार शुल्क तोकेको छ। थासाङको कुञ्जो लेकमा पनि यार्सा सङ्कलन सुरु भइसकेको छ। घरपझोङ गाउँपालिकास्थित संरक्षण व्यवस्थापन समितिले वैशाख २५ गतेदेखि यार्सागुम्बा सङ्कलन अनुमति दिने तयारी गरेकोसमितिका सचिव पवन गुरुङले जानकारी दिनुभयो।

जोमसोम समितिले जोमसोम, ठिनी र ढुम्बा गाउँका स्थानीयलाई यार्सा सङ्कलनका लागि रु चार हजार र सोही क्षेत्रमा अस्थायी बसोबास गरी घरखेत कमाएर बसेका व्यक्तिलाई प्रतिव्यक्ति रु छ हजार शुल्क तोकेको छ।

वारागुङ मुक्तिक्षेत्र–१ को मुक्तिनाथ संरक्षण क्षेत्र व्यवस्थापन समितिले आगामी जेठ २ गतेदेखि यार्सा सङ्कलन फुकुवा गर्ने तयारी गरेको छ। मुक्तिनाथ संरक्षण क्षेत्र व्यवस्थापन समितिले नेर झोङ, लिरी, रिसम्बा र छिमीघ्वा लगायतका लेकहरुमा यार्सा संकलन गर्ने अनुमति दिने गरेको समितिका सचिव लाक्पाटसी गुरुङले जानकारी दिनुभयो।

यार्सा सङ्कलन गर्ने व्यक्ति वा व्यापारीले जिल्ला बाहिर यार्सा निकासी गर्नुपरेमा रु ३१ हजार १०० राजश्व बुझाउनु पर्ने नियम छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३, भगवति चौतारा हुदैं टुप्पीको गौडा बाटो स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः भगवति चौतारा हुदैं टुप्पीको गौडा बाटो स्तरोन्नति
ठेगानाः पोखरा-३३, आदर्शटोल
योजना सम्झौता मिति : २०८२/१२/१६ गते
योजना सुरु मितिः २०८२/१२/१६ गते
योजना सम्पन्न हुने मितिः २०८३/०२/३० गते
योजना सम्पन्न भएको मितिः २०८३/०१/१२ गते
योजनाको कुल लागतः रु. १७,८०,१२०.८५
महानगरपालिकाबाटः रु. १६,००,०००|-
जनसहभागिताबाटः रु. १,८०,१२०.८५
उपभोक्ता समिति अध्यक्षः गुणराज अधिकारी
सम्पर्क नं.: ९८४६५७७५७९
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ३ पुरुषः ६ जना

**भगवति चौतारा हुदैं टुप्पीको गौडा बाटो स्तरोन्नति उपभोक्ता समिति पोखरा-३३**